# जुगल गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | ऐन संख्याः..१ | मितिः २०७९/०४/०९


**भाग- २**

# जुगल गाउँपालिका जीवन बिमा कार्यविधि २०७९

## जुगल गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

**वराम्ची,सिन्धुपाल्चोक**

**बाग्मती प्रदेश,नेपाल**

# जुगल गाउँपालिका जीवन बीमा कार्यविधि

**प्रस्तावना :** जीवन बीमा सर्वोत्तम बचतका साथै जोखिम हस्तान्तरण गर्ने एक आधुनिक विधि हो । यसले हाम्रो जीवनमा घट्ने घट्नाबाट सिर्जीत आर्थिक जोखिम न्यूनीकरण गर्दछ ।
"बीमा ऐन २०४९" अनुसार "जीवन बीमा व्यवसाय भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसाय संझनु पर्छ ।"

कुनै पनि राष्ट्रको आर्थिक विकासमा बीमा क्षेत्रको ठुलो महत्व रहेको हुन्छ । सबै क्षेत्रमा हुने जोखिम व्यवस्थापन तथा घटना तथा दुर्घटनाबाट हुने आर्थिक तथा भौतिक क्षति न्यूनीकरणका लागि बीमा अनिवार्य रहेको हुन्छ । बीमा क्षेत्रको यही अनिवार्यता आम नागरिकहरुले बुझ्नु पर्छ । बीमा क्षेत्रका सम्भावना र चुनौतीहरुलाई सकारात्मक रुपमा लिएर सर्वोत्तम बचत, आथिक सुरक्षा, मानसिक शान्ति, आत्म निर्भरता, करछुट, ऋण सुविधाका कारण पनि यसको महत्व दिनानुदिन बढ्दो क्रममा छ । यसै परिपेक्षमा जुगल गाउँपालिकाले यस गाउँपालिका भित्र बसोवास गर्ने विभिन्न जनआन्दोलनमा योगदान गरेका व्यक्तिहरु साथै कमजोर आर्थिक अवस्था भएका विपन्न, अति विपन्न जुगल बासीका लागि १० वर्षे जीवन बीमा गरिदिन यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

**१. जीवन बीमा सहयोग कार्यक्रम :**

(क) जुगल गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गरी बस्ने, जनआन्दोलनका घाइते साथै आर्थिक अवस्थाका कारण स्वास्थ्य उपचार गराउनबाट बञ्चित भएका नागरिकहरुको स्वास्थ्य उपचारमा हूने सम्भावित खर्चको जोखिमलाई न्युनीकरण गर्ने उद्देश्यले त्यस्ता समूदाय वा परिवारलाई लक्षित गरी जुगल गाउँसभाबाट जीवन विमा कार्यविधि स्वीकृत गरी जीवन बिमा सहयोग कार्यक्रम सञ्चालन गरिएको छ ।

(ख) यो कार्यक्रम चालु आर्थिक वर्षका लागि ५० ( पचास) जनालाई समेट्ने गरि यो कार्यकम संचालन गरिने छ ।

२. **जीवन बीमा लाभग्राही हूनका लागि आवश्यक पर्ने योग्यता :** कार्यविधीको नं.१ (क) बमोजिमको सहयोग प्राप्त गर्न देहाय बमोजिमको योग्यता अनिवार्य हुनेछ :

(क) नेपाली नागरिक हुनू पर्नेछ ।

(ख) जुगल गाउँपालिका भित्र स्थायी बसोबास गरेको हूनू पर्नेछ ।

(ग) विभिन्न राजनितिक आन्दोलनका सहिद तथा घाइतेका परिवारका सदस्य मध्ये १ जना परिवारको सदस्यको विमाका लागि सिफारिस गरिने छ ।

(घ) विमा सूविधा प्राप्त गर्न विभिन्न राजनितिक आन्दोलनका सहिद तथा घाइतेका अतिरिक्त अति विपन्न हूनुपर्नेछ ।

३. **जीवन बीमा लाभग्राही छनौट प्रक्रियाः**

जीवन बीमा लाभग्राही छनौटका लागि निम्नानूसारका प्रक्रियाहरु पुरा गर्नू पर्नेछ :

**क.आवेदन दिनको लागि सुचना प्रसारणः**

नियम नं. १ बमोजिमको बीमा सहयोग कार्यक्रमका बारेमा सम्बन्धित पक्षबाट आवेदन माग गर्न जुगल गाउँ कार्यपालिकाको कार्यालयबाट आवेदन संकलन शूरु हूने मिति भन्दा कम्तीमा १५ दिन अगावै सार्वजनिक संचार माध्यमबाट, साथै सम्बन्धीत वडा कार्यालयबाट आवेदन दिन सकिने विषय सहितको सुचना प्रशारण गर्नू पर्दछ ।

ख.बीमा गर्न चाहने इच्छूक व्यक्तिले आफु बसोवास गरेको सम्बन्धित वडा कार्यालय वा वडास्तरीय जनप्रतिनिधि मार्फत बीमा सम्बन्धी बिस्तृत सुचना लिन सक्नेछ ।

ग. योग्यता पूगेको इच्छूक व्यक्तिले बीमाको लागि अनूसुची-१ बमोजिमको आवेदन रितपुर्वक भरी आफ्नो स्थायी ठेगाना खूलेको वडा कार्यालयमा गई बूझाउनू पर्नेछ ।

घ. अनूसुची-१ बमोजिमको आवेदन फाराम वडा कार्यालयबाट निशूल्क उपलब्ध हूनेछ ।

ङ. आवेदनका साथ नियम नं. २ (क), (ख) र (ग) लाई पूष्ट्याई हूने कागजातहरु र आवेदकको एक प्रति पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नू पर्दछ ।

**४. वडा स्तरीय जीवन बीमा लाभग्राही सिफारिस समितिको गठन :**

वडा स्तरीय **जीवन** बीमा लाभग्राहीको सिफारिस गर्न देहाय अनूसारको एकसमितिको गठन हूनेछ ।

जसमा :

| | |
|---|---|
| क. सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| ख. सम्बन्धित वडाको महिला सदस्य | सदस्य |
| ग. वडा सचिव | सदस्य सचिव |

विभिन्न राजनितिक आन्दोलनका घाइतेका जीबन बीमा सहयोग कार्यक्रम कार्यबिधि, २०७९

तर, बीमा लाभग्राहीको सिफारिस प्रयोजनका लागि समितिले थप परामर्शको आवश्यकता महसूस गरेमा सम्बन्धित वडाको सामाजिक व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

**५. वडा स्तरीय बीमा लाभग्राही सिफारिस समितिको काम, कर्तब्य तथा अधिकारः**

क.वडा भित्र संकलन भएका बीमा आवेदनहरु रितपुर्वक भए नभएको जाँच गर्ने,

ख. नियम नं. १ बमोजिमका आधार नपूगेका अयोग्य आवेदनहरु सम्बन्धित आवेदकलाई कारण सहित फिर्ता गर्ने,

ग.योग्यता पूगेका आवेदनहरुलाई दर्ता गरिएको मितिको आधारमा क्रम मिलाएर बिपन्न परिवारको छूट्टाछूट्टै अभिलेख राख्ने ।

घ. अनूसुची-२ बमोजिम सहिद/घाइते विपन्न, अति बिपन्न गरी ३ समुहमा साथै अल्पसंख्यकलाई पनि “अति बिपन्न अल्पसंख्यक”, “विपन्न अल्पसंख्यक” तथा “अल्पसंख्यक” समूदाय गरी ३ समुहमा वर्गिकरण गरी अन्तिम छनौटका लागि पालिकास्तरीय जीवन बीमा छनौट तथा सिफारिस समितिमा तोकिएको समय भित्रै पठाउने ।

ङ. गाउँ कार्यपालिकाबाट छनौट भई आएको आफ्नो वडा भित्रका बीमा लाभग्राहीको नामावली प्रकाशन गर्ने र सम्बन्धित आवेदकलाई सम्झौता गर्न सुचित गर्ने ।

च. दर्ता सहयोगी कर्मचारी मार्फत बीमा प्रक्रिया प्रारम्भ गर्न आवश्यक प्रबन्ध मिलाउने

छ. वर्गीकरण तथा सिफारिसको नतिजा उपयूक्त समयमा बाहेक गोप्य राख्ने ।

**६. गाउँपालिका स्तरीय जीवन बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको गठन :**

गाउँपालिकास्तरीय जीवन बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको गठन : देहाय अनूसार हूनेछ ।

- गाउँपालिका अध्यक्षः संयोजक
- गाउँपालिका उपाध्यक्षः सदस्य
- कार्यपालिका सदस्यहरु मध्येबाट पालिका अध्यक्षले तोकेको सदस्य एकजनाः सदस्य
- कार्यपालिका सदस्यहरु मध्येबाट पालिका अध्यक्षले तोकेको महिला सदस्य एकजनाः सदस्य
- प्रमूख प्रशासकीय अधिकृतः सदस्य
- रोजगार शाखा प्रमुखलाई -सदस्य सचिव

तर, वीमा लाभग्राहीको छनौट तथा सिफारिस प्रयोजनका लागि समितिले थप सहयोगको आवश्यकताको महसूस गरेमा गाउँपालिका भित्रको सम्बन्धित कूनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ ।

**७. गाउँपालिका स्तरीय जीबन बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य तथा अधिकार :**

**राजनीतीक आन्दोलनका घाइते/सहिद बिपन्न तथा अति बिपन्न समुदायको जीबन बीमा सहयोग कार्यक्रम कार्यविधि, २०७९** बीमा लाभग्राही छनौट तथा सिफारिस समितिको काम कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हूनेछ :

- वडाबाट बर्गीकरण गरी सिफारिस सहित आएका आवेदनहरुको पूनः परीक्षण गर्ने ।
- वर्गिकरणको आधार र प्राथमिकताक्रम नमिलेको पाइएमा पूनर्बिचारका लागि वडामा पठाउने ।

- प्रक्रिया बिपरीत आएका आवेदनलाइ सुचीबाट हटाउने ।
- मागको चाप अत्यधिक बढेर बिनियोजित बजेटबाट अधिकांश लाभग्राहीलाई समेट्न नसक्ने परिस्थिती पैदा भएको महशूस गरेमा समितिले नयाँ बर्गिकरणका आधारहरु तय गरेर अन्तिम सुची तयार गर्न सक्नेछ ।
- बीमा लाभग्राहीहरुको अन्तिम बर्गीकरण गर्ने साथै प्राथमिकताक्रम अनूसार नामावली तयारी गर्ने ।
- नामावली तयार गर्दा जीवन बीमा लाभग्राही कुल संख्याको २ प्रतिशत बैकल्पिक लाभग्राहीहरुको नामवाली पनि प्राथमिकताक्रमका आधारमा तयार गर्ने ।
- जीवन बीमा लाभग्राहीहरुको एवं बैकल्पिक बीमितहरुको अन्तिम नाम नामेसी तयार गरी अनूमोदनका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।
- बर्गीकरण तथा सिफारिसको नतिजा उपयूक्त समयमा बाहेक गोप्य राख्नूपर्ने ।

**८. बीमा लाभग्राहीहरुको नामावली प्रकाशन :**

क) नियम नं. ७ बमोजिम स्वीकृत बीमा लाभग्राहीहरुको नामावली प्रकाशन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको कार्यालयको हूनेछ । सो नामावलीको एक प्रति पुरै सेट जुगल गाउँकार्यपालिकाको सुचनापाटीमा टाँस गर्नूपर्दछ । साथै तोकिएको समय भित्रै वडागत नामावलीछुट्याई सम्बन्धित वडाहरुमा पठाउनू पर्दछ ।

ख) वडागत नामावली प्रकाशन गर्ने जिम्मेवारी सम्बन्धित वडाको हुनेछ ।

ग) बैकल्पिक बीमा लाभग्राहीहरुको नामावली वडा कार्यालयमा नपठाई गाउँ कार्यपालिकामा नै राख्नू पर्नेछ । तर तोकिएको समय भित्र कुनै वडामा बीमा लाभग्राहीले सुचना प्राप्त गरेर पनि सम्झौता गर्न नआएमा,सम्बन्धित वडा कार्यालयले सो बारेमा लिखित जानकारी गाउँ कार्यपालिकामा दिनु पर्नेछ । सोही आधारमा गाउँ कार्यपालिकाले बैकल्पिक बीमा लाभग्राहीको सुचीबाट प्राथमिकताक्रम अनुसार आउनेको नाम सम्बन्धित वडामा पठाउनु पर्नेछ ।

**९. सम्झौताः** गाउँ कार्यपालिका र छनौट भएका बीमा लाभग्राहीहरु बिच सम्झौता गर्नू पर्नेछ । सम्झौता पत्र अनूसुची-२ बमोजिम हूनेछ ।

**११. समय सीमा :** जीबन विमा सीमा १० बर्षे रहनेछ । हरेक वर्ष विमा वार्षिक रुपमा नविकरण गर्नुपर्ने छ ।

**१२. जीबन बीमा प्रारम्भ, बिधि तथा प्रक्रिया :**

नियम नं. ८ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गरे पछि मात्र निजको परिवारका सदस्य बीमित हूनको लागि योग्य भएको मानिनेछ र तत्पश्चात जीबन बीमा प्रक्रिया प्रारम्भ हूनेछ ।  वडामा कार्यरत कर्मचारीले जीवन विमाको सहजिकरण शुरु गर्नेछन् ।

**१३. विविधः**

क) राजनितीक आन्दोलनका सहिद/घाइते बिपन्न तथा अति बिपन्न समुदायको जीबन बीमा सहयोग कार्यक्रममा कुनै सम्भावित लाभग्राहिको नाम छुट हुन गएको, दोहोरो परेको वा कुनै कारणले नाम समावेश हुन नसकेको सम्बन्धमा गुनासो सुन्ने निकाय वा अधिकारी सम्बन्धित वडा कार्यालय वा वडा अध्यक्ष हुनेछ ।

ख) यो कार्यविधिका नियमहरुलाई संशोधन वा थपघट गर्ने अधिकार जुगल गाउँ कार्यपालिकामा मात्र निहित हुनेछ ।

**अनुसूचि-१**
**कार्यविधिको नियम नं. ३ सँग सम्बन्धित**
**जीवन विमा लाभग्राहि आवेदन फारम**

श्रीमान् वडा अध्यक्ष ज्यु,
वडा नं.          जुगल गाउँपालिका, सिन्धुपाल्चोक ।

विषय : जीवन वीमा कार्यक्रम सम्बन्धमा ।

यस गाउँकार्यपालिकाको कार्यालयले सञ्चालन गर्न लागेको जीबन बीमा सहयोग कार्यक्रम मार्फत बीमा लाभग्राही हूनका लागि आफुलाई योग्य ठानी यो आवेदन पेश गरेको छु । आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ संलग्न छन्, विवरण सहि सत्य छन् झुट्टा ठहरे कानुन बमोजिम सहुँला /बुझाउँला ।

आवेदक

नाम थर : उमेर :

स्थायी ठेगाना :

टोल :

वडा नं. :

परिवारका सदस्यहरुको नामावली

| क.सं. | बीमा सेवाग्राहीहरुको पुरा नाम थर | उमेर | आवेदकसँगको नाता | प्रकृती | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

संलग्न कागजात :

१. आवेदकको नागरिकता प्रमाणपत्रको फोटोकपी

२. स्थायी ठेगाना खुल्ने कागजात (नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भए)

३. विपन्न तथा अति विपन्न प्रमाण खूल्ने कागजात

**अनूसुची-२**
**(कार्यबिधिको नियम नं. ३ सँग सम्बन्धित)**
**बिपन्न अति विपन्नको बर्गीकरणका आधारहरु**

आवेदकको नाम थर :
वडा नं.

| सुचक | अंक १ | अंक २ | अंक ३ | नतिजा |
|---|---|---|---|---|
| आवास (घर) | पक्की घर | अर्धपक्की (जस्ताको छाना र इट्टाको गारो भएको आदि | कच्ची घर वा घर नभएर डेरामा बसेको | |
| जग्गा (उप्जाउ हुने) | खेत बारी दूबै भएको ( राम्रोहुने) | बारी मात्र भएको ( उप्जाउ कम हुने ) | केही नभएको ( उप्जाउ नहुने ) | |
| रोजगारी | मासिक तलव पाउने नोकरी भएको वा स्वरोजगारी | ज्यालादारी काम गर्ने वा रोजगारीको सनिश्चितता नभएको वासामान्य निर्वाहामूखी व्यवसाय गरेको | बेरोजगार वा आंशिक ज्यालादारी वा मुस्किलले गुजारा चलेको | |
| शिक्षा (केटाकेटीको) | निजी बिद्यालयमा पढ्दै | सरकारी बिद्यालयमा पढ्दै खानेपानी | गरिवीका कारण बिचैमा पढाइ छूटाउनू परेको | |
| खानेपानी | घरमै व्यवस्थित रुपमा आपुर्ती भैरहेको | सार्वजनिक धारा वा सामूदायिक धाराबाट आंशिक व्यवस्थापन | खानेपानीको समस्या | |
| स्वास्थोपचार | प्राय:निजी क्लिनिक वा अस्पतालमा जान सक्ने | प्राय: सरकारी स्वास्थ्य केन्द्रमा धाउने | गरीवीका कारण कहिलेकाँही उपचार गर्न नसकिएको | |
| शौचालय | निजी व्यवस्थित शौचालय भएको | सामान्य व्यवस्थापनमा चलेको | शौचालय नभएको वा अर्काको शौचालय जानू परेको | |
| परिवार संख्या | ५ जना सम्म | ६ देखि ९ जना | १० भन्दा बढी | |
| बसोबास | शहरी क्षेत्रमा | आंशिक शहर वा गाउँमा | पिछडिएको गाउँमा | |
| घरमूली | रोजगारी पूरुष | बेरोजगारी पूरुष | बेरोजगारी महिला | |
| कुल प्राप्ताङक | | | | |

**सहिद/ घाइत बिपन्न अति बिपन्नको बर्गीकरणका आधारहरु:**

१. अति बिपन्न समुहको लागि प्राप्ताङ्क (२५ वा सो भन्दा बढी):
२. बिपन्न समुहको प्राप्ताङ्ग (१५ देखी २४ सम्म):
मुल्याङ्गनकर्ताको सही :
मिति :

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत